# साल्पासिलिछो गाउँपालिका
# अनुदान तथा आर्थिक सहायता निर्देशिका २०७८

साल्पासिलिछो गाउँपालिका

## साल्पासिलिछो गाउँपालिका

चौकीडाँडा ,भोजपुर
प्रदेश नं १ नेपाल

प्रस्तावना

साल्पासिलिछो गाउँपालिकाबाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथा जिन्सी मालसामान लगायतका अनुदान छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र अनुदान प्राप्त गर्ने संघ संस्थाहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न,साल्पासिलिछो गाउँपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन स्थानीय सरकार संचालन, ऐन २०७४ को दफा ४ वमोजिम साल्पासिलिछो गाउँपालिकाको मिति२०७८/०८/०९ गतेको गाउँ कार्यपालिकाको वैठकको निर्णय वमोजिम यो निर्देशिका स्विकृत गरि लागु गरिएको छ ।

परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः

(क) संक्षिप्त नाम : यस निर्देशिकाको नाम “साल्पासिलिछो गाउँपालिका अनुदान तथा आर्थिक सहायता निर्देशिका २०७८” रहनेछ ।

(ख) “प्रारम्भ” यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

२. परिभाषा र व्याख्या :

(क) “ऐन” भन्नाले“स्थानीय सरकार संचालन, ऐन २०७४” लाइ जनाउनेछ ।

(ख) “सभा” भन्नाले साल्पासिलिछो गाउँपालिकाको गाउँ सभालाई जनाउने छ ।

(ग) “कार्यपालिका” भन्नाले साल्पासिलिछो गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउनेछ

(घ) “विधान” भन्नाले संस्थाका स्वीकृत विधानलाई जनाउने छ ।

(ङ) “सञ्चालक समिति वा कार्यकारी समिति”भन्नाले संस्थाको विधान अनुसार कार्यकारीको रुपमा कार्य गर्ने गरी गठित अधिकार प्राप्त समितिलाई जनाउने छ ।

(च) “संस्था” भन्नाले प्रचलित कानुन बमोजिम गठीत सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक,बौद्धिक, धार्मिक,साँस्कृतिक, वैज्ञानिक आदि कार्यगर्न गठित संघ, सहकारी, संस्था, संगठन,

क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद आदि गैर सरकारी निकायहरु र विद्यालय, महाविद्यालय, स्वास्थ्य संस्थाहरु आदि सरकारी संस्थाहरुलाई जनाउनेछ ।

(छ) “प्रस्ताव” कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएका अनुसुचि १ वमोजिमको निवेदनसहितको परियोजनालाई जनाउने छ ।

(ज) “लागत” कार्यक्रमका लागि लाग्ने कुल खर्च रकमलाई जनाउने छ ।

(झ) “लेखा परीक्षण प्रतिवेदन” प्रचलित कानून द्धारा मान्यता प्राप्त लेखा परिक्षकवाट संस्थाको लेखा परिक्षण गरी दिएको प्रतिवेदनलाईजनाउने छ ।

(ञ) “सार्वजनिक निजि साझेदारी” भन्नाले साल्पासिलिछो गाउँपालिका सँग करार गर्न योग्य कानुनी ब्यक्ति बीच लगानी, सेवा प्रवाह र जोखिम संयुक्त रुपमा बहन गर्न इच्छुक भई भएका करार ब्यवस्थालाई जनाउने छ ।

(ट) लाभग्राही समूह : प्रत्यक्ष लाभ प्राप्त गर्ने ब्यक्तिहरुको समूहलाई जनाउने छ ।

(ठ) विशेष कोष :भन्नाले ऐन नियम बमोजिम खर्च लेख्न स्थापना भएको कोषलाई जनाउने छ ।

(ड) अनुदान :भन्नाले समाजका विभिन्न क्षेत्रका विकासको लागि गाउँपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउने छ ।

(ढ) कार्यक्रम अनुदान: लागत अनुमानका आधारमा सम्झौता गरी सम्झौतामा उल्लेख भए अनुसार दिईने वस्तुगत, आर्थिक तथा प्राविधिक सहयोगलाई जनाउने छ

(ण) आर्थिक सहायताः विपद्का समयमा, संक्रमण अबस्थामा र असहाय तथा अति गरीव व्यक्तिहरुलाई स्वास्थ्य उपचार तथा अन्य सहयोग विना लागत अनुमान अनुसूचि १ बमाजिमका व्यक्ति वा संस्थालाई दिईने आर्थिक तथा प्राविधिक सहयोगलाई जनाउने छ ।

(त) “संस्थागत अनुदान”:भन्नाले वार्षिक नीति  तथा कार्यक्रम अनुसार सम्झौतामा उल्लेखित  शर्त अनुसार संस्था आफैले संचालन गर्ने गरी दिइने रकमलाई जनाउने छ ।

(थ) छात्रवृती भन्नाले गाउँपालिका भित्र हाल वसोवास गर्ने सामुदायिक विद्यालयमा अध्ययन गरेका वा सामुदायिक विद्यालयवाट SEE पास गरि उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययन गरेका दलित, अपाङ, विपन्न तथा जेहन्दार विधार्थिलाइ दिइने अनुसुचि २ अनुसारको सहयोगलाई वुझाउदछ ।

परिच्छेद २

प्राथमिकता क्षेत्र र संस्थाको सूची दर्ता

३.   प्राथमिकता क्षेत्रहरू

साल्पासिलिछो गाउँपालिकाले अनुदान उपलब्ध गराउन प्रस्तावित कार्यक्रमका स्वीकृती देहायका प्राथमिकताका आधारमा गर्नुपर्नेछ :

३.१ महिला, दलित, आदिवासी जनजाती र पिछडिएका समुदायहरुसंग सम्बन्धित आयमूलक, सीपमूलक, रोजगारी सिर्जना एव क्षमता विकास गर्ने कार्यक्रमहरु

३.२ सम्पदा संरक्षण र पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु,

३.३ सरसफाई, फोहोरमैला ब्यबस्थापन, वाताबरण संरक्षण, सम्वर्धन र विकास सम्बन्धी कार्यक्रमहरु,

३.४ विपद जोखिम न्युनीयकरण सम्बन्धी कार्यक्रमहरु,

३.५ समुदायमा आधारित सहभागितामुलक कार्यक्रमहरु,

३.६ शहरी तथा ग्रामिण गरिबी न्युनीकरणमा सहयोग पुर्याउने कार्यक्रमहरु,

३.७ बाल विकास, बालश्रम उन्मूलन, बालस्वास्थ्य, बालशिक्षा, बालअधिकार, बालमनोविज्ञान सम्बन्धि कार्यक्रमहरु ।

३.८ खेलकुद विकाससँग सम्बन्धित कार्यक्रमहरु

३.९ स्थानीय टोल, समुदायका क्षमता विकास, जनचेतना अभिवृदि, पूर्वाधार विकास, सामाजिक परिचालन एवं सहभागीतामूलक कार्यक्रम

३.१० स्थानीय श्रोत र साधन परिचालन हुने कार्यक्रमहरु ।

साल्पासिलिछो गाउँपालिका

३.११ ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, तथा अति बिपन्न परिवारको स्वास्थ्यमा सुधार गर्ने कार्यक्रमहरु ।

३.१२ नेपाल सरकार र गाउँपालिकाको उद्देश्य हासिल गर्न सहयोग पुर्याउने कार्यक्रमहरु

३.१३ दीगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुर्याउने कार्यक्रमहरु।

३.१४ आर्थिक सहायताको हकमा:

क) अशक्त असहाय विरामी , ख) अपाङ्ग,

ग) बेखर्ची व्यक्तिहरु घ) गरिव

३.१५ प्राकृतिक विपत्ति तथा प्रकोपमा परेका असहाय व्यक्ति तथा परिवारहरु

३.१६ साल्पासिलिछो गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई जटिल रोग लागी (मुटु, मृगौला, क्यान्सर) स्वास्थ्य उपचार गर्न परेमा।

४. सूचि दर्ता

गाउँपालिकाबाट प्रदान गरिने संस्थागत तथा कार्यक्रमगत अनुदानका लागि गाउँपालिकाको सूचना अनुसार सूचि दर्ता गर्नु पर्नेछ । सूची दर्ता गर्दा देहाय बमोजिम कागजातहरु पेश गर्नुपर्नेछ । तर आर्थिक सहयोगका लागि भने सूची दर्ता हुनु पर्नेछैन ।

सूची दर्ता गर्नका लागि आवश्यक कागजातहरुः

१. निवेदनका सक्कल प्रति
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी नविकरण सहित
३. आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी अघिल्लो आ.व.को कर चुक्ता प्रमाण सहित
४. संस्थाको विधानको प्रतिलिपी
५. गत आ. ब. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी
६. संस्थाको संचालक समिति वा कार्य समितिको बैठकको निर्णय प्रतिलिपी
७. वडाले कार्यक्रम उपयुक्त भनि गरेको सिफारिशको सक्कल पत्र।
८. अघिल्लो वर्षमा (यदि अनुदान लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएका उपलब्धि, खर्चको बिबरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नु पर्ने ।

साल्पासिलिछो गाउँपालिका

९. समाज कल्याण परिषदमा आवद्ध भएको वा जिल्ला प्रशासन कार्यालयमा सामाजिक संस्थाको रुपमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,

१० गाउँपालिकाले गैर सरकारी संस्थाको मौजुदा सूचिमा सुचिकृत भएको प्रतिलिपी

११. संचालन गरिने बार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण ।

१२. संस्थाको गत वर्षको आय ब्यय विवरण र हालको आर्थिक अबस्था जनिने कागजपत्रहरु

१३. चालु आर्थिक वर्षमा संचालन गर्ने कार्यक्रमहरुको विवरण ।

१४. संस्थाको सञ्चालक समिति वा कार्य समिति सदस्यहरुको विवरण ।

उपरोक्त कागजपत्रहरु संस्थाको अध्यक्ष वा सचिवबाट प्रमाणित गरी छाप लगाइ पेश गर्नु पर्ने ।

## परिच्छेद ३

## अनुदान तथा आर्थिक सहायताको प्रकार र प्रक्रियाहरु

५. अनुदानका प्रकारहरु

(क) संस्थागत अनुदान

(ख) कार्यक्रम अनुदान

(ग) आर्थिक सहायता

६. अनुदान वितरण गर्ने प्रक्रियाहरु

(क) संस्थागत अनुदान :

कुनै पनि सरकारी संस्था, अर्धसरकारी संस्था,सहकारी संस्था वा कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्ताव दफा ३ मा उल्लेखित प्राथमिकताको आधारमा कार्यक्रम स्वीकृत गरी संस्था आफैले सम्पूर्ण कार्य गर्ने गरि प्रगति विवरणका आधारमा निकासा उपलब्ध गराइनेछ । यसरी सम्बन्धित संस्थाले कार्यक्रम बनाइ खर्च गर्ने गरि निकासा पठाउँदा उक्त कार्यको लेखा परीक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यवस्था समेत सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(ख) कार्यक्रम अनुदानः

कुनै पनि सरकारी संस्था, अर्धसरकारी संस्था,सहकारी संस्था वा कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यससंस्थाले पेश गरेको प्रस्तावको दफा ३ मा उल्लेखित प्राथमिकताका आधारमा कार्यक्रम स्वीकृत गरिनेछ ।

उक्त कार्यको गाउँपालिकाबाट गठित सामाजिक समित तथा गाउँ कार्यपालिकाबाट खटाईएको कर्मचारी एवं गाउँपालिकाले आवश्यक ठानेको अन्य कुनै समिति वा पदाधिकारीले अनुगमन मूल्याँकन गरि कार्य प्रगति विवरणका आधारमा सोधभर्ना स्वरुप रकम उपलब्ध गराइनेछ । तर शुरुमा स्वीकृत कार्यक्रमको एक तिहाइ रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिनेछ । अन्तिम किस्ता रकम भने कार्य प्रगति र कार्य सम्पन्न भए पश्चात मात्र उपलब्ध गराउन सकिने छ ।

७. आर्थिक सहायता :

आर्थिक सहायताका लागि व्यक्ति वा संस्थाको निवेदन प्राप्त भए पछि स्वीकृत बजेटको परिधी भित्र रही अधिकार प्राप्त अधिकारीले देहाय बमोजिम रकम भुक्तानी गर्ने निर्णय गर्न सक्नेछ ।

**क.** अध्यक्षबाट रु.१५,०००।– सम्म

**ख.** कार्यापालिकाको निर्णय वाट १५००० हजार देखि २०,०००। सम्म ।

परिच्छेद ४

८. अनुदानका विषयगत क्षेत्रहरु

८.१ शैक्षिक तथा जनचेतनामूलक कार्यक्रमहरु

८.२ बृद्ध वृद्धा आश्रमहरु संचालन सम्बन्धि कार्यक्रमहरु

८.३ राहत तथा पुर्नस्थापना सम्बन्धि कार्यक्रमहरु

८.४ वातावरण, जलबायु परिवर्तन सम्बन्धि संरक्षण , विकास र सम्बर्धन सम्बन्धि कार्यक्रमहरु

८.५ प्रकोप तथा विपद व्यवस्थापन र पुर्व तयारी सम्बन्धि कार्यक्रमहरु

८.६ स्वास्थ्य शिविरहरु, रक्तदान कार्यक्रमहरु, विशेष खोप कार्यकमहरु

८.७ अपाङ्ग बालबालिका हेरचाह, उद्धार, शिक्षा र पुर्नस्थापना सम्बन्धि कार्यक्रमहरु

८.८ मसानघाट, चिहान, क्रिया पुत्री दाह संस्कार व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु

८.९ सुकुम्बासी समस्या समाधान सम्बन्धि कायक्रमहरु

८.१० घरेलु बाल श्रमिक सम्बन्धि कायक्रमहरु

८.११ सडक बाल बालिकाका पुनस्थापना, शिक्षा, उद्धार सम्बन्धि कार्यक्रमहरु

८.१२ वेवारिस सडक मानव (मानसिक रोगी,वृद्ध, घर बार बिहिन मानिसहरु ) सम्बन्धि कायक्रमहरु

८.१३ बेरोजगारका लागि सीपमुलक तालीम (गैर नाफामुलक) सञ्चालन गर्ने संस्थाहरु

८.१४ वृक्षारोपण (नदी किनार, सडक पेटी, सार्वजनिक स्थल आदि) सम्बन्धि काय गर्ने संस्थाहरु

८.१५ स्थानीय भाषा, संस्कृति संरक्षण र विकास सम्बन्धि कार्यक्रमहरु

८.१६ राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पदा संरक्षण, विकास सम्बद्ध कार्यक्रमहरु

८.१७ ऐतिहासिक पोखरी, उध्यान, पाटी, पौवा, सत्तल, मन्दिर, गम्बा, देवल आदिका संरक्षण, सम्बर्धन, विकास सम्बन्धि कार्यक्रमहरु

८.१८ स्थानीय जात्रा, पर्व, उत्सव र यस्तै प्रकारको सम्बन्धि कार्यक्रमहरु

८.१९ खेलकुदका विकाससँग सम्बन्धित स्थानीय, जिल्ला तथा राष्ट्रिय स्तरका सम्बन्धि कार्यक्रमहरु
८.२० स्थानीय जनचेतना मुलक सकारात्मक सोच अभिवृद्धि गराउने उद्धेश्यले संचालित कार्यक्रमहरु

ख कार्यक्रम अनुदान

१. स्वास्थ्य संस्था, विद्यालय तथा सामुदायिक भवन आदि, निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग :

विद्यालय र सामुदायिक भवन निर्माण, सुधार, जिर्णोद्धार, मर्मत गर्नका लागि आर्थिक वा प्राविधिक सहयोग आवश्यक भएका लिखित जानकारी कार्यालयले प्राप्त गरी स्वीकृत भएमा, प्राविधिकबाट पुष्ट्याइ गरिएका लागत अनुमान, अन्य निकायको सहभागीता सम्बन्धि लिखित प्रतिबद्धता, सम्बन्धित पक्षले व्यहोर्ने आर्थिक तथा प्राविधिक लागत मुल्य खुलेको विवरण सहितको कागजातलाई आधार लिईनु पर्ने छ। त्यस्ता भवन निर्माणमा सहयोग उपलब्ध गराउँदा कुल लागतको छैसठ्ठी प्रतिशतले हुन आउने रकम वा पाँच लाख भन्दा बढि नहुने गरी उपलब्ध गराईने छ।

२. स्वास्थ्य, शिक्षा, भाषा, संस्कृति, मेलमिलाप केन्द्र, पाटी पौवा सतल, खेलकुद, वृक्षारोपण, वातावरण संरक्षण, विकास तथा संबद्र्धन सम्बन्धि कार्यक्रम :

क) माग रकमको प्रयोजन, उदेश्य र सो को प्रयोगबाट गाउँपालिका वा गाउँवासीलाई हुनसक्ने प्रत्यक्ष वा अप्रत्यक्ष फाईदाको मापन सहितको अनुदान माग निवेदन निवेदकबाट प्राप्त गर्नुपर्ने छ ।

ख) माग अनुसारका कार्यक्रम संचालन हुने स्थान र लागतको यकिन र सो कार्यक्रम संचालन गर्न लाग्ने खर्च व्यहोर्ने श्रोतहरु निवेदकबाट स्पष्ट खुलाउनु पर्ने छ।

ग) यस्ता कार्यक्रमहरू गाउँ कार्यपालिकाको बैठकबाट वा गाउँ कार्यपालिका बैठकबाट अधिकार प्रत्यायोजन भए अनुसार स्वीकृत भई कार्यान्वयन गरिने छ।

घ) आर्थिक सहायता तथा कायक्रम सहयोगको जानकारी सम्बन्धित संस्था वा व्यक्तिलाई समाजिक बिकास शाखाले स्वीकृति भएको मितिले यथाशक्य चाँडो दिनु पर्ने छ।

**३. खेलकुद**

(क) सम्बन्धित वडाबाट खेलकूद कार्यक्रम संचालन गर्न उपयुक्त र आवश्यक छ भनी गरेका सिफारिस पत्र।

(ख) सम्बन्धित कार्य समितिले गाउँपालिकासँग आर्थिक सहयोग लिई कार्यक्रम संचालन गर्ने भनि गरेका निर्णय र गाउँपालिकामा सम्पर्क र समन्वय गर्ने पदाधिकारीको नाम र पद खुलेको आधिकारीक पत्र ।

(ग) सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको नविकरण सहितको प्रतिलिपी ।

(घ) विधानको प्रतिलिपी । (पहिले पेश भएको भए आवश्यक नहुने)

(ड) खेलकुद सञ्चालन समय तालिका सहित विष्तृत विवरण

माथी उल्लेखित विवरण सहित खेलकुदको लागि आर्थिक सहयोग माग भएमा उपयुक्त र आवश्यकताको आधारमा देहाय बमोजिम सहयोग उपलब्ध गराउन सक्नेछ ।

अ. फुटबल, भलिबल,कराँते जस्ता खेलकुदको लागि

- जिल्ला स्तरिय प्रतियोगितामा रु.३०,०००।– सम्म
- गाउँ स्तरिय प्रतियोगितामा रु. २५,०००।– सम्म
- वडा वा टोल स्तरिय प्रतियोगितामा रु.५,०००।– सम्म

आ. टेबल टेनिस, व्याडमिण्टन, दौड जस्ता खेलकुदको लागि

- जिल्ला स्तरिय प्रतियोगितामा रु.१५,०००।– सम्म
- गाउँ स्तरिय प्रतियोगितामा रु. १०,०००।– सम्म
- वडा वा टोल स्तरिय प्रतियोगितामा रु.३,०००।– सम्म

इ. बुद्धिचाल, बाघचाल जस्ता खेलकुदको लागि

- जिल्ला स्तरिय प्रतियोगितामा रु.१०,०००।–सम्म
- गाउँ स्तरिय प्रतियोगितामा रु. ८,०००।– सम्म
- वडा वा टोल स्तरिय प्रतियोगितामा रु.२,०००।–सम्म

४.१ औषधी उपचार

गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ :

क) सम्वन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन ।

ख) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी तथा औषधी खरिदको विल भर्पाइ । यस्ता कागजात निवेदन दिने मिति भन्दा २ दुइ महिना पूरानो भएमा मान्य हुन छैन ।

ग) सम्वन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण ।

घ) कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सोका लागि मेडिकल वोर्डको सफारिस पेश गर्नु पर्नेछ ।

ङ) औषधी उपचार सहयोग एक व्यक्तिलाइ रोग र उपचारको प्रकृति हेरी गाउँपालिकाको अध्यक्षले निर्णाय अनुसार एक पटकमा रु.१५,०००।(पन्द्रहजार रूपैंया) सम्म सहयोग उपलव्ध गराउन सक्नेछ । तर उपबिनियम (घ) वमोजिम मेडिकल वोर्डको सिफारिस सहीत सहयोग माग भएको हकमा गाउँ कार्यपालिकाको वैठकमा पेश गरी निर्णय भए वमोजिम अधिकतम रू ५०,०००।– (पचासहजार रूपैंया) सम्म सहयोग उपलव्ध गराउन सकिनेछ ।

(च) औषधी उपचार सहयोग उपलव्ध गराउंदा गाउँपालिका सामाजिक विकास शाखा(स्वास्थ्य) बाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस हुनेछ ।

४.२ प्रकोप व्यवस्थापन सहयोग

गाउँपालिकाले प्रकोप व्यवस्थापनको लागि सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

क. आगलागी वा वाढि पहिरो वा चट्याङ्ले घर जग्गा वा धन सम्पति नष्ट भएमा सम्वन्धित व्यक्ति वा नीजको नजिकको परिवारले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन दिनु पर्नेछ ।

ख. निवेदन साथ सम्वन्धित वडाको शिफारिस पत्र, प्रहरी प्रशासनको क्षति विवरण सहितको शिफारिस पत्र । यस्ता कागजात निवेदन दिने मिति भन्दा २ दुइ महिना पूरानो भएमा मान्य हुन छैन ।

ग. आगलागी वा वाढि पहिरोले घर जग्गा वा धन सम्पति नष्ट भई सहयोग उपलव्ध गराउंदा गाउँपालिकाको तोकिएको शाखावाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस हुनेछ ।

घ) आगलागी वा वाढि पहिरोले घर जग्गा वा धन सम्पति नष्ट भएको परिवारलाई क्षतिको विवरण हेरी गाउँपालिका अध्यक्षको निर्णाय अनुसार एक पटकमा रु.१०,०००। (दशहजार रूपैंया) सम्म सहयोग उपलव्ध गराउन सक्नेछ । तर धन जन समेत ठूलो मात्रामा क्षति भएको भएमा गाउँकार्यपालिकाको वैठकमा पेश गरी निर्णय भए वमोजिम अधिकतम रू.२५,०००।– ( पच्चिस हजार रूपैंया) सम्म सहयोग उपलव्ध गराउन सकिनेछ ।

५. छात्रवृत्ति

गाउँपालिका क्षेत्रभित्रका सरकारी तथा नीजि विद्यालयमा अध्ययनरत गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई निम्न आधारहरू बिश्लेषण गरी छात्रवृत्ती उपलव्ध गराईनेछ :

क) छात्रवृति उपलब्ध गराउनुपर्ने अवस्थाको विध्यार्थीलाई गाउँपालिका क्षेत्रभित्र संचालित विध्यालयमा निशुल्क अध्ययन गराउन माथीको प्रक्रिया बमोजिम छनोट गरी सिफारिस गरिने छ। प्रत्येक संस्थागत विद्यालयले कूल भर्नाको १० प्रतिशत विपन्न परिवारका विद्यार्थीलाई गाउँपालिकाको सिफारिसमा निशुल्क अध्ययन गराउनु पर्ने छ । निश्चित आय नभएका बिपन्न परिवारका वालवच्चा, शारिरीक अपाङ्ग, अभिभावक नभएका वालबालिका, दलित, बिपन्न जनजाती एव सुकुम्वासीका बालबालिकाहरुलाई यो छात्रवृत्तीका लागि प्राथमिकता दिईनेछ।

ख) छात्रवृत्तीका लागि विद्यार्थी वा अभिभावकले सम्वन्धित वडाबाट छात्रवृत्ती आवश्यक भएको भनि किटानी साथ गरेका सिफारिस पत्र र सम्वन्धित विद्यालयको एक वर्षको लाग्ने कुल शैक्षिक खर्च खुलाइ गरेका सिफारिस पत्र साथ निवेदन पत्र पेश गर्नु पर्नेछ।

ग) यसरी पेश भएपछी योजना शाखा / शिक्षा शाखाले आवश्यक कुरा वुझी बढी एक वर्षका लागि छात्रवृत्ती उपलव्ध गराउन निम्न व्यहोरा सहित खुलाइ सिफारीस गाउँपालिका समक्ष पेश गर्नेछ ।

घ) स्वीकृतीका लागि पेश हुन आएका छात्रवृत्ती सम्मन्धी आवेदन सामजिक समितिमा पेश गरी निर्णाय भए बमोजिम गर्नुपर्ने छ । विद्यालयले शिक्षा पुरा गरी उच्च शिक्षा अध्ययन गर्न कठिन भएका तथा निश्चित आय नभएका बिपन्न परिवारका विद्यार्थी, शारिरीक अपाङ्ग, दलित, बिपन्न जनजाती एव सुकुम्वासीका विद्यार्थीहरुलाई कार्यपालिका बैठकबाट निर्णाय भए बमोजिम यो छात्रवृत्ती प्रदान गरिने छ । अध्ययनको बिषय हेरी छात्रवृत्तीको कुल सहयोग रकम वार्षिक रु.५०,०००। (पचास हजार) भन्दा वढी हुने छैन । छात्रवृत्ती उपलव्ध गराउने/नगराउने अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ।

ङ) छात्रवृत्ती पाउने विद्यार्थीले गाउँपालिकावाट रकम लगेका मितिले १५ दिनभित्र शैक्षिक सामाग्री खरिद गरेका विल , कलेज फि को विल भर्पाइ सामाजिक बिकास शाखा ( शिक्षा) मा पेश गर्नुपर्नेछ।

च) विद्यार्थीले विद्यालयका हरेक परिक्षाका नतिजाका प्रमाणित प्रतिलिपी नतिजा प्राप्त गरेको मितिले ७ दिनभित्र शिक्षा शाखामा पेश गर्नु पर्नेछ। सोही नतिजाका आधारमा छात्रवृत्ती निरन्तर दिने वा नदिने निर्णय गाउँपालिकाले गर्न सक्नेछ।

छ) एक पटक छात्रवृत्ती पाइसकेका विद्यार्थीले विद्यालयको वार्षिक परिक्षामा उत्कृष्ट नतिजा प्राप्त गरेमा मात्र गाउँपालिकाले छात्रवृत्ती निरन्तर उपलव्ध गराउनेछ ।

परिच्छेद ५

८. संस्थागत कार्यक्रम प्रस्ताव पेश गर्ने:

गाउँपालिकाले सूचिकृत संस्थाहरुबाट प्रस्ताव माग गर्न सक्नेछ। संस्थाहरुले अनुदान माग गर्नुपरेमा देहाय बमाजिम कागजात सहित प्रस्ताव पेश गर्नपर्नेछ। तर व्यक्तिगत आर्थिक सहायताका लागि निवेदन मात्र भएपनि पुग्नेछ। प्रस्तावका साथमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

८.१ निर्धारित ढाँचाका प्रस्ताव सहितको निवेदन प्रति ।
८.२ संस्था दर्ता प्रमाणपत्रका नविकरण सहितको प्रतिलिपी ।
८.३ आयकर दर्ता प्रमाणपत्र र अघिल्लो आ.व.को कर चुक्ता प्रमाण सहितको प्रतिलिपी
८.४ संस्थाका विधानका प्रतिलिपी ।
८.५ लेखा परिक्षण प्रतिवेदनका प्रतिलिपी।
८.६ संस्थाको संचालक समिति वा कार्य समितिको बैठकका निर्णय प्रतिलिपी ।
८.७ वडाले कार्यक्रम उपयुक्त भनि गरेको सिफारिशको सक्कल पत्र।
८.८ अघिल्ला वर्षमा (यदि लिएका भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएका उपलब्धि, खर्चका बिबरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नु पर्ने ।
८.९ समाज कल्याण परिषदमा आवद्ध वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाण पत्रका प्रतिलिपी
८.१ गाउँपालिकामा मौजुदा सूचिमा सुचिकृत भएको प्रतिलिपी
८.११ संचालन गरिने बार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण।
८.१२ संस्थाको गत वर्षको आय ब्यय विवरण ।
८.१३ आर्थिक वर्षमा संचालन गर्ने कार्यक्रमहरुको विवरण।
८.१४ संस्थाको कार्य समित सदस्यहरुको विवरण।
९. प्रस्ताव छनौट तथा स्वीकृति:

प्राप्त भएपछि सम्बन्धित शाखाले परियोजना छनौटका लागि देहाय बमोजिम कुराहरु भए नभएका जाँच गर्नेछ। प्रस्ताव छनौटका लागि देहाय बमाजिम भएका हुनुपर्नेछ :
९.१ प्रस्तावका साथमा दफा ८ मा तोके बमोजिम कागजातहरु भएको ।
९.२ प्राप्त कार्यक्रम प्रस्ताव गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकतामा परेको।

९.३   प्रस्तावमा सहयोग वा सहकार्य गर्न माग गरेका कार्यक्रमको हकमा निम्न कुराहरु स्पष्ट भएको हुनुपर्ने:

क) कार्यक्रममा सहकार्य गर्ने संस्था तथा निकायहरु ।

ख) कार्यक्रमको संचालन गर्न विभिन्न संस्था तथा निकायहरुबाट बेहोरिने रकमहरु ।

ग) रकम प्राप्त गर्ने समय

घ) रकम प्राप्त गर्ने तरीका

९.४  उल्लेखित विवरणहरु पूरा भएपछि सम्बन्धित योजना शाखावाट संस्थाको कार्यालय तथा कार्यक्रम संचालन स्थलको निरिक्षण गर्न सक्नेछ । निरिक्षणका क्रममा निरिक्षण कर्ताले संस्थाको भौतिक स्रोत साधन,जनशक्ति तथा क्षमता सम्वन्धमा समेत अध्ययन गर्नु पर्नेछ ।

९.५ योजना शाखाले संस्थाको निरिक्षण गरी सो को प्रतिवेदन प्रस्ताव साथ संलग्न गरी सो प्रस्ताव सिफारिस सहित अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

९.६  माथि जुन सुकै लेखिएका भएता पनि प्रस्ताव स्वीकृत गर्ने नगर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

९.७  सम्झौता :

अनुदान प्रस्ताव छनौट भइ स्वीकृती भए पश्चात सम्बन्धित संस्था र गाउँपालिकाबीच सम्झौता गनुपर्नेछ ।

सम्झौता भए पश्चात संस्थाले सम्झौतामा उल्लेखित बुँदा बमोजिम कार्यक्रम संचालन गनुपर्नेछ । तर १० दश हजार रुपैया भन्दा कम अनुदान रकम र आर्थिक सहायता रकमका लागि सम्झौता गर्नु पर्ने छैन ।

## परिच्छेद ६

## अनुदान रकमको भुक्तानी प्रक्रिया

१०. गाउँपालिकाले संस्थागत, कार्यक्रमगत र आर्थिक सहायता स्वरुप प्रदान गरिने रकम भुक्तानी गर्ने प्रक्रिया देहाय बमाजिम हुनेछ :

सम्झौता भएपछि सम्झौतामा उल्लेख भए अनुसार कागजात सहित सम्बन्धित संस्थाले रकम माग गर्नपर्नेछ । गाउँपालिकाले रकम भने कार्य सम्पन्न प्रतिवेदनका आधारमा मात्र उपलव्ध गराउनु पर्नेछ ।

११. संस्थालाई उपलब्ध गराउने रकम एकाउन्टपेयी चेक मार्फत हुनेछ ।

१२. १५,०००। रुपैया सम्मको सहयोग संस्थालाई पुरै उपलब्ध गराइनेछ र सो भन्दा बढीको सहयोग सम्झौतामा उल्लेख गरिए अनुसार किस्ता बन्दिमा उपलब्ध गराइनेछ ।

१३. १५,०००। सम्मका संस्थागत वा कार्यक्रम अनुदान संस्थालाई उपलब्ध गराउँदा सम्झौता नगरि खर्च प्रमाणका आधारमा एकमुष्ठ उपलब्ध गराउन सकिनेछ ।

१४. सम्झौता अनुसारका कार्य नभएमा बांकी रकम उपलब्ध गराइने छैन र सो सम्झौता गर्न संस्थाहरुबाट अनुदान वापत उपलब्ध गराइएका रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१५. प्रगति विवरण पेश नगर्न संस्थाहरुलाई पुनः संस्थागत तथा कार्यक्रम सहयोग उपलब्ध गराइन छैन ।

१६. माथि जुनसुकै लेखिएका भएतापनि व्यक्तिगत आर्थिक सहायता रकम बढीमा रु.१००००।– सम्म हुनेछ र उक्त रकम निवेदनका आधारमा अवस्था हेरी उपलव्ध गराउन सकिनेछ । आर्थिक सहायता उपलब्ध गराउने वा नगराउने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

१७. यस निर्देशिकामा तोकिए विपरित अनुदान वितरण गरिएमा, त्यस्ता आदेश दिने, आदेश दिन सिफारीस र सहयोग गर्ने एव भुक्तानी दिने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिने छ ।

## परिच्छेद ७

## निरिक्षण, अनुगमन तथा मुल्याँकन प्रतिवेदन

१८. सम्झौता अनुसारका कार्य भए नभएका सम्बन्धमा जानकारी लिन सम्बन्धित शाखाले निरिक्षण वा अनुगमन गर्नुपर्नेछ । यसरी समय समयमा निरिक्षण, अनुगमन तथा मूल्याँकन गरीएका प्रतिवेदन सम्बन्धित शाखाले सार्वजनिक गर्नुपर्नेछ ।

१९. यसरी निरिक्षण, अनुगमन तथा मूल्याँकन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित संस्थाका कर्तव्य हुनेछ ।

२०. संस्थाले कार्यक्रम सञ्चालनमा लाग्ने आवश्यक सम्पूण सामाग्रीहरुको व्यवस्थापन आफैले गरे नगरेका विषयमा समेत अनुगमन गर्नु पर्नेछ ।

२१.   अनुगमन र मूल्याँकनबाट प्राप्त प्रगति  विवरणका आधारमा मात्र बाँकी अनुदानका  किस्ता रकम भुक्तानीका  लागि सिफारीस गर्नु पर्नेछ ।

२२.  माथि जुनसुकै लेखिएको भएतापनि आर्थिक सहयोगको रकम भुक्तानी नियमानुसार हुने तथा प्रतिवेदन आवश्यक नभएको स्पष्ट नीतिगत निर्णय भएकाको हकमा अनुगमन तथा मूल्याँकन प्रतिवेदनको आवस्यकता पर्ने छैन ।

## परिच्छेद ८

## बिबिध

२४. कारबाहीः  यस निर्देशिका विपरित आर्थिक अनुदान तथा सहयोग वितरण गरिएमा, त्यस्ता आदेश दिने, आदेश दिन सिफारीस तथा सहयोग गर्ने र भुक्तानी गर्ने कर्मचारी तथा पदाधिकारी बाट असुल उपर गरिनेछ ।

साल्पासिलिछो गाउँपालिका

अनुसुचि १

स्वास्थ्य उपचारमा दिइने अनुदान

१. मुटुको अप्रेसन  गर्नु पर्ने भएमा रु ५०,०००। सम्म

२. मृगौला फर्नुपर्ने भएमा रु ५०,०००। सम्म

३. क्यान्सर रोगको उपचारमा अप्रेशन गर्नु पर्ने भएमा ५०,०००। सम्म

४. सि.न. १,२ र ३ का रोगहरुको अप्रेशन नभइ उपचारको हकमा मात्र रोगको अवस्था अनुसार १५,०००। सम्म सहयोग गर्न सकिने छ।

सल्यासिल्छी गाउँपालिका

## अनुसुचि २

छात्रवृत्ती तर्फ

१. M.B.B.S अध्ययनका लागी ५०,०००। सम्म ।

२. प्राविधिक तर्फको स्नातक अध्ययनको ( इन्जिनियर, पशु,कृषी,नापी  र वन आदी)  लागी ४०,०००। सम्म

३.प्राविधिक तर्फको प्रविणता प्रमाणपत्र अध्ययनको ( सव इन्जिनियर,नसिङ,पशु,कृषी,नापी र वन आदी)  लागी ३०,०००। सम्म

४. प्राविधिक तर्फको SLC  अध्ययनको (  अहेव,अनमि,१८ महिने तथा २० महिने कृषि पशु ,नापी ,वन तालिम र ल्याव टेक्निसियन आदी) लागी २५,०००। सम्म

५. प्राविधिक अध्ययन वाहेक अन्य अध्ययन तर्फ १०,०००। सम्म